# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
# ऋण तथा स्वपूँजी लगानी सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८

सञ्चालक समितिबाट पारित मितिः २०७८।१२।१६

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको सञ्चालक समितिले हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८ मा देहाय बमोजिम संशोधन गरेको छः-

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस संशोधनको नाम "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि सञ्चालक समितिबाट पारित भएको दिनदेखि प्रारम्भ हुनेछ।

२. हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्बन्धी कार्यविधि, २०७८ मा संशोधनः हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड, ऋण तथा स्वपूँजी लगानी सम्वन्धी कार्यविधि, २०७८ (यसपछि "मूल कार्यविधि" भनिएको) मा देहायको दफा ५क थप गरिएको छः-

"५क. सहवित्तीयकरण समूहको अगुवा संस्था भई ऋण लगानी गर्ने सम्बन्धमाः (१) कम्पनीले सहवित्तीयकरण समूहको अगुवा संस्था भई ऋण लगानी गर्ने सम्बन्धमा प्राप्त प्रस्तावको दफा ५ बमोजिम गरिएको प्रारम्भिक जाँचबुझ र विश्लेषणका आधारमा सो परियोजनामा ऋण लगानी गर्न उपयुक्त देखिएमा सहवित्तीयकरण समूहको अगुवा संस्था भई लगानी गर्न समितिबाट सैद्धान्तिक स्वीकृति लिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सञ्चालक समितिबाट सैद्धान्तिक स्वीकृति प्राप्त भए पश्चात कम्पनीले सहवित्तीयकरण समूहमा संलग्न हुनसक्ने अन्य बैंक तथा वित्तीय संस्थाहरुसँग पत्राचार एवम् छलफल गरी सहवित्तीयकरण गठन गर्नुपर्नेछ।

(३) सहवित्तीयकरण समूहको अगुवा संस्था भई ऋण लगानी गर्ने सम्बन्धमा कम्पनीले परियोजना प्रवर्द्धक तथा अन्य सम्भावित सहभागी बैंक/वित्तीय संस्थाहरुसँग समन्वय गरी बाह्य विज्ञबाट परियोजनाको प्राविधिक मूल्याङ्कन गराउन सक्नेछ।"

३. मूल कार्यविधिको दफा ७ मा संशोधनः मूल कार्यविधिको दफा ७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कम्पनीमा स्वपूँजी लगानीका लागि दरखास्त दिएका प्रवर्द्धकको हकमा दफा ६ बमोजिम कालो सूचीमा नपरेको यकीन गरेपछि त्यसरी यकीन गरेको तीन दिनभित्र प्राविधिक मूल्याङ्कन तथा विश्लेषण विभागले सोको जानकारी सहित डकुमेन्टेशन तथा प्रोशेसिङ्ग शुल्क वापत पाँच लाख रुपैयाँ (पछि फिर्ता नहुने गरी) भुक्तानीको लागि कम्पनीको बैंक खाता र भुक्तानी गर्नु पर्ने अवधि तोकी सम्बन्धित परियोजनाको प्रवर्द्धकलाई लेखी पठाउनु पर्नेछ।"

४. मूल कार्यविधिको दफा ७ मा संशोधनः मूल कार्यविधिको दफा ७ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सरकारी वा विदेशी सरकार वा विदेशी प्रवर्द्धकसँगको रणनीतिक साझेदारीमा विकास गरिने परियोजना वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाबाट प्रवर्द्धित परियोजनामा कम्पनीबाट लगानी गर्दा प्रमुख कार्यकारी अधिकृतले उपदफा (१) बमोजिमको डकुमेन्टेशन तथा प्रोशेसिङ्ग शुल्क आंशिक वा पुरै छुट दिन सक्नेछ।"

५. मूल कार्यविधिको दफा ८ मा संशोधनः मूल कार्यविधिको दफा ८ को उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि प्रारम्भ हुनु अघि स्वपूँजी वा ऋण लगानीको लागि प्राप्त भइसकेका दरखास्त अनुसार बाह्य विज्ञहरु सम्मिलित Risk Assessment Cell बाट तत्कलीन Investment Appraisal Template बमोजिम मूल्याङ्कन भएका आयोजनाहरुको हकमा यस दफा बमोजिम विभागीय मूल्याङ्कन गर्दा सो Risk Assessment Cell बाट पेश भएको Sustainability Assessment Report का आधारमा साविकको स्वपूँजी लगानी गर्ने सम्बन्धी व्यवस्था र Investment Appraisal Template बमोजिम विभागीय मूल्याङ्कन गर्न सकिनेछ।"

६. मूल कार्यविधि, २०७८ मा संशोधनः मूल कार्यविधिमा देहायको दफा ११क थप गरिएको छः-

"११क. बाह्य विज्ञ नियुक्त नगरी आन्तरिक मूल्याङ्कन गर्न सकिनेः यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको कुनै पनि अवस्थामा परियोजनाको विभागीय मूल्याङ्कन

गर्दा वा जोखिम व्यवस्थापन समितिबाट मूल्याङ्कनको गुणस्तर परीक्षण गर्दा बाह्य विषयविज्ञ नियुक्त गर्नु नपर्ने गरी प्रमुख कार्यकारी अधिकृत वा जोखिम व्यवस्थापन समितिले निर्णय गर्न सक्नेछः

(क) परियोजनामा ऋण लगानी गर्ने संस्थाबाट स्वतन्त्र विज्ञ नियुक्त गरी परियोजनाको प्राविधिक मूल्याङ्कन गरी मूल्याङ्कन प्रतिवेदन पेश भएको अवस्थामा, वा

(ख) यस कम्पनी सम्मिलित सहवित्तीयकरण समूहबाट ऋण लगानी गर्ने सम्बन्धमा ऋण लगानी गर्दा स्वतन्त्र विज्ञ नियुक्त गरी परियोजनाको प्राविधिक मूल्याङ्कन गर्ने व्यवस्था भएमा।"